नेपाल सरकार
# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्याः-
च. न.:-

## प्रेस विज्ञप्ति

आसन्न चाडपर्वलाई लक्षित गरी आधारभूत एवम् उपभोग्य वस्तु सहज, सुव्यवस्थित र सुपथ मूल्यमा उपलब्ध गराउने उद्देश्यले उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रीज्यूको संयोजकत्वमा बसेको बैठकले चाडपर्व लक्षित विशेष कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको छ।

चाडपर्वका अवसरमा खाद्यान्न, नून, चिनी, दाल, चामल, तेल तथा ग्यास लगायतका दैनिक उपभोग्य वस्तुको आपूर्तिलाई सहज बनाउन सरकार र मातहतका निकायको परिचालन गरिनुका साथै निजी क्षेत्रका सरोकारवाला निकायसँग समेत आवश्यक समन्वय गरिएको छ। यसका लागि मन्त्रालय मातहतको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लि. मार्फत ४५ जिल्लाका १११ स्थानबाट सहुलियत मुल्यमा चामल, दाल, खाने तेल लगायतका अत्यावश्क वस्तु , साल्ट ट्रेडिङ कर्पोरेशनबाट विभिन्न दैनिक उपभोग्य वस्तुहरु सुपथ मुल्यमा बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको छ। यसै गरी नेपाल आयल निगम मार्फत आपूर्ति हुने डिजेल, मट्टितेल, पेट्रोल, एल पी जी ग्यास आदिको सहज र नियमित आपूर्तिको व्यवस्था समेत मिलाइएको छ।

उपभोक्ताहरूलाई उचित मूल्यमा गुणस्तरीय वस्तु सहजै प्राप्त होस् भन्ने उद्देश्यले बजार अनुगमनलाई थप प्रभावकारी बनाइएको छ। यसको लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट हरेक दिन ६ वटा टोलीबाट ३० स्थानमा अनुगमन गर्ने व्यवस्था मिलाइएको छ। अनुगमन व्यवस्थालाई प्रभावकारी बनाउन बिदाका दिनमा समेत टोली परिचालन गर्ने प्रवन्ध मिलाइएको छ। साथै उपभोक्ताको हक अधिकार सुनिश्चित गर्नका लागि मन्त्रालयले आपूर्ति निरीक्षक, स्थानीय प्रशासन तथा अन्य सरोकारवालासँग सहकार्य गर्दै नियमित बजार अनुगमन गर्ने प्रवन्ध मिलाइएको व्यहोरा सबैमा जानकारी गराइन्छ। यस सम्वन्धमा प्रदेश सरकार तथा स्थानीय तहसँग समेत आवश्यक समन्वय भएको छ। बजारमा कुनै अनियमितता, कालोबजारी वा अवाञ्छित मुल्यवृद्धि भएको पाइएमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको टोल फ्रि नं ११३७ वा विभागका निर्देशक भरतप्रसाद आचार्यको फोन नं ९८५१२७३५३४ मा जानकारी गराउन समेत सबै सरोकारवालामा अनुरोध छ।

मन्त्रालयले चाडपर्व लक्षित कार्यक्रममार्फत उपभोक्ताहरूलाई प्रत्यक्ष लाभ पुग्ने गरी अत्यावश्यक एवम् आवश्यक वस्तुहरूको आपूर्तिमा सहजता, मूल्य स्थिरीकरण र वितरण प्रणालीमा पारदर्शिता सुनिश्चित गर्न प्राथमिकताका साथ दिने कार्य भइरहेको ब्यहोरा समेत सम्वद्ध सबैमा अनुरोध छ।

(जितेन्द्र बस्नेत)
सहसचिव/प्रवक्ता

मिति २०८२।६।१२

फोन नं.: ४२११५७९, ४२११४४६, फ्याक्स नं.: ९७७-१-४२११६१९
Website: http://www.moics.gov.np